आकाशवाणी

१३.०४.२०२६

मुख्य समाचार..

1. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा नारी शक्ति वन्दन_सम्मेलनलाई सम्बोधन गर्दै, भारतले महिला सशक्तिकरणमा समर्पित, 21 औं शताब्दीको सबैभन्दा ठूलो निर्णय लिनु गईरहेको भन्नुभएको छ। उहाँले, नमो एप मार्फत मेरा बुथ सबसे मजबूत संवाद अन्तर्गत तमिलनाडका पार्टी कार्यकर्ताहरूसँग पनि कुराकानी गर्नुभयो।

2. सर्वोच्च अदालतले आज पश्चिम बंगालमा विशेष गहन संशोधन पुनरीक्षणको क्रममा मतदाता सूचीबाट नाम हटाइएको मुद्दालाई चुनौती दिने याचिकालाई यो समयपूर्व रहेको भन्दै, सुनुवाइ गर्न अस्वीकार गर्यो।

3. पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले सरकारले घरेलु उपयोगका लागि शतप्रतिशत एलपीजी आपूर्ति सुनिश्चित गरिरहेको भन्नुभएको छ।

4. आकाशवाणीको समाचार सेवा प्रभागले आज राति 9:30 बजे पब्लिक स्पीक कार्यक्रममा, महापंजीयक कार्यालयका उपमहानिर्देशक बिस्वजीत दाससँग "जनगणना 2027: स्व-गणना कसरी गर्ने" विषयबारे परिचर्चा प्रसारित गर्नेछ। र

6. आज हैदराबादमा आईपीएल क्रिकेटमा सनराइजर्स हैदराबादले राजस्थान रोयल्सको सामना गरिरहेको छ।

## प्रधानमन्त्री – नारी शक्ति

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको नारी शक्ति आफ्नो कड़ा परिश्रम, साहस र आत्मविश्वासका माध्यमबाट नयाँ उचाइमा पुगेको भन्नुभएको छ। अवसररमा विस्तार गरेर महिलाहरूलाई सशक्त बनाउन उहाँले सबैलाई एकजुट हुन आग्रह गर्नुभयो। आज नयाँ दिल्लीमा नारी शक्ति वन्दन सम्मेलनलाई सम्बोधन गर्दै श्री मोदीले, महिला सशक्तिकरणमा समर्पित, भारतले २१ औं सताब्दीको सबैभन्दा ठूलो निर्णय लिनु गईरहेको छ, भन्नुभयो। श्री मोदीले भन्नुभयो, राज्य विधानसभादेखि देशको संसदसम्म, दशकौंको लामो प्रतीक्षा यस महिनाको १६, १७ र १८ तारिखमा समाप्त हुँदैछ। २०२३ मा, नवनिर्मत संसद भवनमा, सरकारले नारी शक्ति वन्दन अधिनियमको रूपमा पहिलो कदम चालेको थियो ताकि यसलाई समयमै कार्यान्वियन गर्न सकियोस् उहाँले भन्नुभयो।

प्रधानमन्त्री मोदीले महिला सहभागिताले देशको लोकतान्त्रलाई बलियो बनाउने भएकाले लोकतान्त्रिक संरचनामा महिलालाई आरक्षण प्रदान गर्नुपर्ने आवश्यकतामा जोड दिनुभयो।

श्री मोदीले भन्नुभयो, स्वतन्त्रता संग्रामदेखि संविधान सभाका निर्णयहरूसम्म भारतीय महिलाहरूले स्वतन्त्र भारतको जग बसाल्न ठूलो योगदान दिएका छन्। श्री मोदीले भन्नुभयो आज भारतमा १४ लाखभन्दा बढी महिलाहरू स्थानीय सरकारी निकायहरूमा सफलतापूर्वक सेवा गरिरहेका छन्। २०१४ देखि, एनडीए सरकारले जीवनको हरेक चरणमा महिलाहरूलाई सहयोग गर्न योजनाहरू ल्याएको र सफलतापूर्वक कार्यानवयन गरेको उहाँले बताउनुभयो।

यस अवसरमा बोल्दै महिला तथा बाल विकास मन्त्री अन्नपूर्णा देवीले नारी शक्ति वन्दन अधिनियमले महिला सशक्तिकरण, आत्मसम्मान र लोकतान्त्रिक सहभागिता सुनश्चित गर्ने बताउनुभयो। विगत तीन दशकमा धेरै प्रयासहरू गरिएता पनि, प्रधानमन्त्री मोदीको दृढ संकल्पका कारण यो रूपान्तरण वास्तविकतामा परिणत भएको छ, उहाँले भन्नुभयो। महिला सशक्तिकरण मार्फत २०४७ सम्ममा विकसित भारतको बाटो प्रशत्त हुने कुरामा पनि मन्त्रीले जोड़ दिनुभयो।

यस अवसरमा दिल्लीकी मुख्यमन्त्री रेखा गुप्ताले प्रधानमन्त्री नरेन्द्र मोदी देशलाई अगाडि बढाउन निरन्तर कार्यरत रहेको भन्नुभयो।

## प्रधानमन्त्री –तमिलनाडु

वरिष्ठ भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज नमो एप मार्फत मेरा बुथ सबे मजबूत संवाद अभियान अन्तर्गत तमिलनाडुका पार्टी कार्यकर्ताहरूसँग कुराकानी गर्नुभयो। अन्तर्क्रियाको क्रममा श्री मोदीले तमिलनानाडमा नयाँ वातावरण देखा पर्दैछ, र त्याहाँका जनताले राज्यमा परिवर्तनको आशाकका साथ भाजपा र एनडीएलाई हेरिरहेका छन्, भन्नुभयो। प्रधानमन्त्रीले किसानहरूको कल्याण, भाजपा नेतत्वको एनडीएको सर्वोच्च प्राथमिकात हो, भन्नुभयो। श्री मोदीले केन्द्रमा एनडीए सरकार सत्तामा आएपछि रेलवे, राजमार्ग, बन्दरगाह र विमानस्थलसँग सम्बन्धित धेरै परियोजनाहरू शुरू गरिएको र  राज्यमा तिनीहरूको काम द्रुत गतिमा अगाड़ि बढिरहेको कुरामा प्रकाश पार्नु भयो।

## SC-WB मतदाता सूची SIR

सर्वोच्च अदालतले आज पश्चिम बंगालमा विशेष गहन संशोधन पुनरीक्षणको क्रममा मतदाता सूचीबाट नाम हटाइएको मुद्दालाई चुनौती दिने याचिकालाई यो समयपूर्व रहेको भन्दै, सुनुवाइ गर्न अस्वीकार गर्यो। न्यायमूर्ति सूर्यकान्त र न्यायमूर्ति जॉयमाल्या बागचीको नेतृत्व भएको पीठले निवेदकहरूलाई यस्ता गुनासोहरू सुन्न स्थापित तोकिएको पुनरावेदन न्यायाधिकरणहरूमा जान निर्देशन दियो। अदालतले उल्लेख गर्यो कि लगभग 30 देखि 34 लाख पुनरावेदनहरू विचाराधीन छन्। उसले उचित प्रक्रिया पालना गर्नुपर्नेमा जोड दियो र भन्यो कि यस चरणमा न्यायिक हस्तक्षेपले चुनावी प्रक्रियालाई बाधा पुऱ्याउन सक्छ। यसैबीच, कलकत्ता उच्च अदालतको निरीक्षणमा गठित 19 न्यायाधिकरणहरूले पुनरावेदनहरूको सुनुवाइ शुरु गरेका छन्। राज्यमा मतदान 23 र 29 अप्रिलमा दुई चरणमा हुनेछ भने, मतगणना अर्को महिनाको 4 तारीखका दिन हुनेछ।

## अन्तरमन्त्रीस्तरीय ब्रीफिंग

सरकारले घरेलु उपयोगका लागि शतप्रतिशत एलपीजी आपूर्ति सुनिश्चित गरिरहेको छ र देशका कुनै पनि एलपीजी वितरकहरूमा LPG को कमी भएकोड रिपोर्ट गरिएको छैन । आज दिउँसो नयाँ दिल्लीमा अन्तरमन्त्रीस्तरीय ब्रीफिंगलाई सम्बोधन गर्दै पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले देशभर एलपीजीको घरेलु आपूर्ति सामान्य रहेको बताउनु भयो। ओटीपी आधारित घरेलु एलपीजीको आपूर्ति सुनिश्चित गरिएको छ, उहाँले भन्नुभयो।

संयुक्त सचिवले पश्चिम एशियाली संकटका कारण आपूर्ति शृङ्खला अवरोध हुन नदिन सरकारले उपायहरू अपनाएको पनि बताउनु भयो। उनले गत महिनाको 14 तारिखदेखि 1 लाख 82 हजार टनभन्दा बढी व्यावसायिक एलपीजी बिक्री दर्ता भएको पनि उल्लेख गर्नुभयो।

**अनिवार्य घोषणा पब्लिक स्पीक**

आकाशवाणीको समाचार सेवा प्रभागले आज राति 9:30 बजे पब्लिक स्पीक कार्यक्रममा, महापंजीयक कार्यालयका उपमहानिर्देशक बिस्वजीत दाससँग "जनगणना 2027: स्व-गणना कसरी गर्ने" विषयबारे परिचर्चा प्रसारित गर्नेछ।

कार्यक्रमको क्रममा, श्रोताहरूले, टेलिफोन नम्बरहरू 011 23310481, 011 23717117, 011 -23717106 र 011 23314444 मा डायल गरि विषय सम्बन्धित प्रश्नहरू सोध्न सक्छन्।

वैकल्पिक रूपमा, तपाईं आफ्ना प्रश्नहरू व्हाट्सएप मार्फत 9289094044 नम्बरमा पठाउन सक्नुहुन्छ वा हैशटैग आस्क-ए.आई.आर.का साथ एक्समा पनि आफ्ना प्रश्नहरू पोस्ट गर्न सक्नुहुन्छ

**ब्रिटेन पश्चिम एसिया – होर्मुज**

ब्रिटेन प्रधानमन्त्री केयर स्टारमरले  हर्मुज जलडमरूमध्यको कुनै पनि अमेरिका नाकाबन्दीमा ब्रिटेनको संलग्नता अस्वीकार गर्नुभएको छ । उहाँले ब्रिटेन, इरानसँग कुनै पनि द्ववन्द्वमा शामेल न हुन  दोहर्याउनु भयो। श्री स्टारमरले सैन्य तनाव नबढाई, महत्वपूर्ण समुद्री मार्गहरू खुला राख्ने ब्रिटेनको प्रतिबद्धातामा जोड दिनुभयो। यसअघि, अमेरिकी केन्द्रीय कमाण्डले भारतीय समयनुसार राति ८.३० बजेदेखि इरानी बन्दरगाहहरूमा समुद्री यातायातको नाकाबन्दीको घोषणा गरेको थियो। यसैबीच अष्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्वानीजले पनि खुला नौवहन व्यवस्थाहरूको मागलाई समर्थन गर्नुभएको छ।

राष्ट्रपतिः एम्स राजकोट

राष्ट्रपति द्रौपदी मुर्मुले आज गुजरातको राजकोटमा आयोजित एम्स राजकोटको पहिलो दीक्षान्त समारोहमा उपस्थिति जनाउनुभयो र सम्बोधन गर्नुभयो। यस अवसरमा बोल्दै उहाँले नवीन अनुसन्धान र बिरामी हेरचाह मार्फत स्वास्थ्य सेवालाई अगाडि बढाउन एम्सको प्रतिबद्धता प्रशंसनीय रहेको भन्नुभयो।

आशा भोसले

मुम्बईको शिवाजी पार्क श्मशान गृहमा आज एक भावुक समारोहमा प्रख्यात गायिका आशा भोसलेको अन्तिम संस्कारमा हजारौं मानिसहरूले अश्रुपूर्ण बिदाई दिए। प्रधानमन्त्री नरेन्द्र मोदीले प्रिय आशा ताईलाई सम्मान गर्न पठाउनु भएको पुष्पगुच्छालाई मुख्यमन्त्री देवेन्द्र फडणवीसले अर्पण गर्नुभयो। उपमुख्यमन्त्री सुनेत्रा पवार र एकनाथ शिन्दे, महाराष्ट्रका क्याबिनेट मन्त्रीहरू, मुम्बईकी मेयर रितु तावडे, MNS प्रमुख राज ठाकरे र अन्यले पनि श्रद्धाञ्जली अर्पण गरे। हरिहरन, शान, अभिनेता आमिर खान, विक्की कौशल र पद्मिनी कोल्हापुरे लगायत फिल्म उद्योगका दिग्गजहरूले दिवंगत आत्मालाई श्रद्धाञ्जली अर्पण गरे।

आईपीएल

आज हैदराबादमा आईपीएल क्रिकेटमा सनराइजर्स हैदराबादले राजस्थान रोयल्सको सामना गरिरहेको छ। अंक तालिकामा राजस्थान पहिलो स्थानमा छ भने हैदराबाद सातौं स्थानमा छ। पञ्जाब दोस्रो स्थानमा छ भने, बैंगलुरू तेस्रो स्थानमा छ। टस् जीतेर राज्थान रोयल्सले पहिले bowling  गर्ने निर्णय गरेको छ।